बाणगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.:२०८०।०८१
चलानी नं.:

मिति-२०८०/११/०९

**तेलहन बाली(सूर्यमुखी) प्रवर्द्धन कार्यक्रम (वडा नं ४) संचालनको लागि प्रस्ताव आह्वानको पुन सूचना प्रकाशन सम्बन्धमा !**

वाणगंगा नगरपालिका, कृषि विकास शाखा कपिलवस्तुबाट आ.व.२०८०।०८१ मा संघिय सरकार शसर्त अनुदान तर्फको **तेलहन बाली(सूर्यमुखी) प्रवर्द्धन कार्यक्रम (वडा नं ४)** ब्लक निर्माण गरि संचालन गरिने भएकोले उत्पादन ब्लक निर्माण गरि कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह/कृषि सहकारी/ कृषि फर्म/निजी उद्धमीहरुले प्रस्तावना पेश गर्न मिति २०८०/०९/०३ तथा मिति २०८०/०९/१७ मा सूचना प्रकाशन गरिएकोमा तोकिएको समय भित्र प्रस्तावना पेश हुन नआएकोले पुन यो सूचना प्रकाशन गरिएको छ। तोकिएको क्षेत्रफल अनुसारको ब्लक निर्माण गरी कार्यक्रम संचालन गरेका वा गर्न चाहने कृषक समूह/कृषि सहकारी/ कृषि फर्म/निजी उद्धमीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन (२०८०/११/२३ गते) भित्र प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरित कृषि बिकास कार्यक्रम संचालन सम्बन्धी कार्यबिधि, २०८० को अनुसूची-२ अनुसारको प्रस्तावना फारम भरी तोकिएका कागजात सहित नगरपालिकामा निवेदन पेश गर्नु हुन यसै सूचनाद्धारा जानकारी गराइन्छ।

तपसील

| क्र.सं | कार्यक्रमको नाम | अनुदान रकम | संचालन गर्न सकिने क्रियाकलापहरु | ब्लकको क्षेत्रफल/साईज | कैफियत |
|---|---|---|---|---|---|
| १ | तेलहन बाली(सूर्यमुखी) प्रवर्द्धन कार्यक्रम (वडा नं ४) | प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरित कृषि बिकास कार्यक्रम संचालन सम्बन्धी कार्यबिधि, २०८० अनुसार हुने | साना सिचाई,साना मेसिनरी, प्याकेजिङ,ब्राण्डिङ तथा बजारिकरण, तालिम आदि। | भवन, बाटो वा कुलोले ओगटेको क्षेत्र बाहेक एक आपसमा जोडिएका जग्गाको प्लटबाट बनेको कम्तिमा ५ हेक्टर (७.५ विगाह) | वडा नं ४ बाट मात्र पेश गर्न पाईने |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी (नियमानुसार नविकरण / सुचिकृत भएको)।
२. कृषक समूह/कृषि सहकारी निर्णय प्रतिलिपी ।
३. वडा कार्यालयको सिफारिस पत्र।
४ करचुक्ता प्रमाण पत्रको प्रतिलिपी।
५. अध्यक्ष/प्रोपाइटरको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी।
६. भाडाको जग्गा भए कम्तिमा ५ वर्षको सम्झौता पत्र।
७. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी।
८. प्रतिबद्धता पत्र
९. रु.२०० राजश्व तिरेको रसिद।

**नोट:-** प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरित कृषि बिकास कार्यक्रम संचालन सम्बन्धी कार्यबिधि, २०८० यस नगरपालिकाको वेभसाइड www.bangangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ।

**पुनश्च:** आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात नपुग भएमा नगरपालिका कृषक समूह/कृषि सहकारी/ जल उपभोक्ता समितिको प्रस्ताव स्वीकृत गर्नका लागि बाध्य हुने छैन।